अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सरकारले वार्ता, संवाद र छलफललाई प्राथमिकता दिएको छ, कसैलाई पनि काखा र पाखा नगरी सबैका कुरा सुनिरहेका छौं, सबैका भावना समेट्दै चुनावमा होमिसकेका छौं।" उहाँले विधिको शासन, हस्तक्षेप मुक्त प्रशासनसहित सुशासन कायम गरी तोकिएको समयमा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउनु सरकारको मुख्य उद्देश्य रहेको स्पष्ट पार्नुभयो।

गृहमन्त्री अर्यालले कुशासन

... उच्च भयो भने मात्र नागरिक र राष्ट्रको मनोबल पनि उच्च हुन्छ।" उहाँले तोकिएको समयमा निर्वाचनको वातावरण बनाउने काममा प्रदेश सरकारको भूमिका पनि महत्वपूर्ण हुनेमा जोड दिनुभयो।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले निर्वाचनको वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "निर्वाचनमार्फत देशलाई सही

गोष्ठीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग प्रमुख, नेपाली सेनाका बलाधिकृत, नेपाली सेना सुदूरपश्चिम पृतना हेडक्वाटरका पृतनापति, गृहमन्त्रालयका कर्मचारी, प्रदेशका नौवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा निकायका प्रमुखको सहभागिता छ। गोष्ठीमा प्रदेशस्तरीय सुरक्षा चुनौती लगायतका विषयमा छलफल हुने जनाइएको छ।रासस

# बलवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बलवा, महोत्तरी

**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/१७**

यस नगरपालिकाबाट मिति २०८२/०६/२६ गते प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार प्रशासनिक भवनको कम्पाउन्डमा माटो पुर्ने कार्य ठेक्का नं. Balwa. mun/W/NCB/01/2082-83 को बोलपत्र मुल्यांकन समितिको प्रतिवेदन बमोजिम श्री आदित्य सोनु कन्स्ट्रक्सन एण्ड सप्लायर्स बर्दिवाश -८, महोत्तरीले कबोल गरेको रकम रु.३७८८४६२.१९ सबैभन्दा न्युनतम मूल्यांकित एवम् सारभूत रुपले प्रभावग्राही कायम भएको हुदा सो सम्बन्धमा सार्वजनिक खरीद ऐन २०६३ को नियम २७ को उपनियम २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**नि. प्रमुख प्रशासकिय अधिकृत**